जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

□ वर्ष-२१ □ अंक - १३५ □ २०८३ जेठ ०६ गते बुधबार □ Wednesday, 20 May 2026 □ मूल्य ७ /-



**नयाँ सभ्यताको मोडमा नेपाल-भारत सम्बन्ध**

डा. प्रल्हाद कार्की

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**आवश्यकता**

**पूर्वसन्देश दैनिक**का लागि **बजार व्यवस्थापक**को आवश्यकता परेकाले इच्छुक व्यक्तिले सम्पर्क राख्नुहोला । उमेर ३० वर्ष माथि भएका र अनुभवीलाई विशेष ग्राह्यता ।

**पार्ट टाइमको अवसर**

पत्रिका सम्बन्धि विविध कामका लागि बिहान/दिउँसो २ देखि ४ घण्टासम्म पार्ट टाइम "जब"को व्यवस्था गरिएको छ । पारिश्रमिक काम र क्षमताका आधार मा समभ्रुदारीमा निर्धारण गरिनेछ ।

**सम्पर्कका लागि**
पूर्वसन्देश दैनिकको कार्यालय
एलम्बर चौक, दमक-५, : ९८१६९९९२००

देउवा पक्षको छुट्टै कार्यालय स्थापना

## विदेशबाटै कांग्रेस विभाजनमा सक्रिय देउवा

पूर्वसन्देश समाचार

दमक । नेपाली कांग्रेसमा देखिएको विवाद झन चर्कदै गएको छ । विशेष महाधिवेशनबाट सभापति बनेका गगनकुमार थापालाई स्वीकार्न तत्कालीन सभापति शेरबहादुर देउवा र उपसभापति पूर्णबहादुर खड्कालाई गाह्रो परेको हो ।

थापाले मिल्नका लागि संवाद नगरेको भन्दै रिसाएको खड्का समूहले काठमाडौंको अनामनगरमा सम्पर्क कार्यालय नै खोलेको छ ।

कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा समूहले उक्त सम्पर्क कार्यालय खोलेको हो । देउवा अहिले पनि हङकङमा भूमिगतजस्तै छन् । देउवाकै निर्देशनमा यता खड्काको नेतृत्वमा कार्यालय खुलेको स्रोतको दावी छ ।

सभापति थापाले देउवा र डा. शेखर कोइराला पक्षका १९ जना नेतालाई केन्द्रीय कार्यसमितिमा मनोनीत गर्दा पनि विवाद मिल्ने छाँट नदेखिएको हो । थापाले कोषाध्यक्षमा पनि देउवा समूहकै उमेश श्रेष्ठलाई दोहोऱ्याएका थिए । यति गर्दा पनि देउवा समूह अलग गतिविधिसहित सम्पर्क कार्यालय खोलेर नयाँ राजनीतिक अभ्यासतिर लागेको हो ।

अनामनगरमा नेताहरु गुरु बराल, जीतजङ्ग बस्नेत, जीत शेरचन, कुन्दन काफ्ले र कोशीका पूर्वमुख्यमन्त्री केदार कार्की लगायतको पहलमा सम्पर्क कार्यालय खोलिएको हो ।

बराल, बस्नेत र काफ्ले कांग्रेसका निवर्तमान केन्द्रीय सदस्य हुन् । त्यस्तै शेरचन बागलुङ जिल्ला कार्यसमिति सभापति तथा गण्डकी प्रदेश सरकारका अर्थमन्त्री पनि हुन् । कार्की कोशी प्रदेश सरकारका पूर्वमुख्यमन्त्री हुन् । उनी एमालेको सहयोग लिएर मुख्यमन्त्री हुन सफल भएका थिए ।

यस समूहले पार्टीको १५औँ महाधिवेशनलाई एकता महाधिवेशन बनाउने तयारीका लागि सम्पर्क कार्यालय खोलेको जनाएको छ ।

उता सभापति थापाले कांग्रेसका निर्वातमान उपसभापति खड्कासँग कम्तीमा तीन चरण वार्ता गरे पनि दुई समूहबीच कुरा मिल्न सकेको छैन । देउवा(शेखर पक्षले ६०/४० को हिसाबमा मिलेर जानुपर्ने अडान राखिरहेको छ ।

उत्तरी मोरङका बासिन्दाको सास्ती उस्तै

## संघियता आयो तर बैंक र बाटो आएन

उर्लाबारी/ मोरङ् जिल्लालाई देशकै सुगम मध्येको जिल्ला मानिन्छ । तर यहि सुगम भनिने जिल्लाका दुर्गम क्षेत्रका बासिन्दाले गाउँसम्म पुग्ने पक्कि सडक पर्खिएको दशकौं भयो पुगेको छैन । यस्तै सुविस्ताको सडक नहुँदा वृद्ध उमेरमा पनि ज्येष्ठ नागरिकहरू कष्टपूर्ण यात्रा गर्दै बैंक धाउनु पर्छ । गाउँमा बैंक र बाटो दुवै नहुँदा उनीहरू समस्यामा परेका हुन् ।

राज्य पुनर्संरचनापछि पाँच गाविस जोडेर उत्तरी मोरङ्मा केराबारी गाउँपालिका बने पनि यहाँका बासिन्दाको सास्ती भने फेरिएको छैन। गाविस छँदा गाउँमै ज्येष्ठ नागरिक भत्ता पाउने बुढापाका हाल तीन/तीन महिनामा भत्ता लिन केराबारी झर्नु पर्छ। गाउँपालिका बन्यो तर सडक सञ्जाल विस्तार भएन। गाउँसम्म बैंक पुगेन। केराबारी-२ को सिंहदेवीबाट ज्येष्ठ नागरिक भत्ता लिन केराबारी झरेकी ८१ वर्षिया दुर्गाकुमारी शाहीले बरू पहिले गाविसमा नै दिंदा सजिलो भएको तर अचेल बैंक धाउनु पर्दा हरौनी भएको गुनासो गरिन् । देशका संघीयता आए पनि गाउँमा बैंक र बाटो नआएको उनको दुखेसो छ । मध्ये वर्षामा घुमाउरो बाटो धाउनु पर्दा दिननै मायाँ मार्नु पर्ने उनको भनाई छ । केराबारी(२ का ज्येष्ठ नागरिक, एकल महिला, दलितलगायत सबैको नियति उही हो । हिउँदमा दुःखले गाडी गुड्छ । वर्षायाम सुरू भएपछि ठाउँ ठाउँमा पहिरो झर्छ । सडक अवरूद्ध हुन्छ । त्यसैले असार-भदौसम्म ५२ किलोमिटर घुम्नुको विकल्प छैन।

केराबारीदेखि सिंहदेवी, समेवा, बिहीबारे, लेटाङ, पाटीगाउँ जाने सार्वजनिक यातायातका गाडी छैनन्। रातो प्लेटका निजी सवारीसाधनमा अत्यन्तै कष्टकर यात्रा गर्नुपर्ने स्थानीय ७४ वर्षीय जयबहादुर राईको भनाइ छ । उहिले उमेरमा सात/आठ घण्टामा पार हुने बाटो अचेल पूरै एक दिन लाग्न थालेको उनी बताउँछन् ।

बाटो : शुरू भयो, बनेन

सरकारले छ वर्षअघि निर्माण सुरू भएको खोर्साने-केराबारी-सिंहदेवी सडक अलपत्र छ। सङ्घीय सरकारको सहरी विकास मन्त्रालय अन्तर्गत ग्रामीण सडक सञ्जाल सुधार आयोजनाले २०७६ साल साउन २० गते ठेक्का लगाएको सडक निर्माण कम्पनी बाँकी ४ पेजमा ▸▸

## डा. शर्मा प्रधानन्यायाधीसमा नियुक्त, कार्यभार ग्रहण



काठमाडौं । नवनियुक्त प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष शपथ ग्रहण गर्दै सर्वोच्च अदालतको नेतृत्व सम्हालेका छन्। संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएपछि उनले औपचारिक रूपमा पदभार ग्रहण गरेका हुन्। सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाका अनुसार शर्माले शपथसँगै पदभार पनि सम्हालिसकेका छन्। संवैधानिक परिषद्ले न्याय परिषद्बाट सिफारिस भएका ६ जनामध्ये सर्वोच्च अदालतका चौथो वरीयताका न्यायाधीश शर्मालाई प्रधानन्यायाधीशका रूपमा सिफारिस गरेको थियो। वरिष्ठताको परम्परा मिचिएको भन्दै नेपाल बार एसोसिएसनसहित केही कानुन व्यवसायीले विरोध बाँकी ४ पेजमा ▸▸

## गतनिर्वाचनको खर्च विवरण सार्वजनिक

दमक । निर्वाचन आयोगले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको खर्च विवरण सार्वजनिक गरेको छ । आयोगका सहसचिव एवम् प्रवक्ता नारायणप्रसाद भट्टराईले विज्ञप्ति जारी गरी निर्वाचन खर्च विवरण सार्वजनिक गरेका हुन् ।

उनका अनुसार फागुन २१ को निर्वाचनका लागि नेपाल सरकारबाट ६ अर्ब ७१ करोड ९२ लाख ८७ हजार २ सय रूपैयाँ प्रदान गरेको थियो । आयोगले निर्वाचनमा ४ अर्ब ९६ करोड ७८ लाख ३९ हजार ४५ रूपैयाँमा निर्वाचन सम्पन्न गरेको जनाएको छ । यस हिसाबले आयोगले एक मतदाताबराबर २६३ रूपैयाँ खर्च भएको बताएको छ । आयोगले फागुन २१ को निर्वाचनमा १ करोड ८९ लाख ३ हजार ८९ जना मतदाता रहेको उल्लेख गरेको छ ।

## धितोपत्रको अध्यक्षमा चार जना सर्टलिस्ट

दमक । नेपाल धितोपत्र बोर्डको अध्यक्षका लागि चार जनाको नाम सर्टलिस्ट नाम सार्वजनिक भएको छ । नेपाल धितोपत्र बोर्ड अध्यक्ष नियुक्तीका लागि गठित सिफारिस समितिले चार जनाको नाम सर्टलिस्ट गरेको हो ।

अध्यक्ष छनौट सिफारिस समितिले सेबोनको कार्यकारी निर्देशकबाट अवकाश पाएका डा. नवराज अधिकारी, सेबोनकै निर्देशक विनयदेव आचार्य, राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक मुकुन्द कुमार क्षेत्री र राष्ट्र बैंककै पूर्व कार्यकारी निर्देशक डा. गोपाल भट्टको नाम सर्टलिस्ट गरेको हो ।उक्त तोकिएको म्याद भित्र ४७ जनाले व्यक्तिगत विवरण पेस गरेका थिए । जसअनुसार समितिले हाल चार जनाको संक्षिप्त सूचि तयार पारेको हो । संक्षिप्त सूचिमा नाम समावेश भएका व्यक्तिसँग सिफारिस समितिले अब थप छलफल गर्ने जनाइएको छ ।

## बैंकका उच्च अधिकारीमाथि आत्महत्या दुरूत्साहन आरोप

दमक । ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सहित चार जना उच्च अधिकारीविरूद्ध आत्महत्या दुरूत्साहनको मुद्दा दर्ता भएको छ । बैंकका कर्मचारी झापाको दमक-८ लक्ष्मीमार्ग टोल बस्ने ४२ वर्षीय पिताम्बर खड्काको आत्महत्यापछि परिवारले उनीहरूविरूद्ध जाहेरी दिएका हुन् ।

प्रहरीका अनुसार खड्का हिजो साँझ करिब ५:१५ बजे आ ँ नै घरको कोठामा सिलिङ फ्यानको हुकमा प्लास्टिकको डोरी प्रयोग गरी झुन्डिएको अवस्थामा मृत भेटिएका थिए। आत्महत्या गर्नुअघि उनले सामाजिक सञ्जालमा बैंकका चार उच्च अधिकारीको नाम र फोटो सार्वजनिक गर्दै आफूलाई मानसिक दबाब दिएर राजीनामा गर्न बाध्य बनाइएको आरोप लगाएका थिए । मृतक परिवारले बैंकका सिइओ सुरेन्द्रराज रेग्मी, नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल, उपमहाप्रबन्धक दीपचन्द्र रेग्मी र मानव संसाधन विभाग प्रमुख अनामिका कुँवर सिंहविरूद्ध आत्महत्या दुरूत्साहनको मुद्दा दर्ता भएको दमक इलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

## धकेलेर महिलाको हत्या आरोपमा गौतम पक्राउ

अर्जुनधारा । धकेलेर महिलाको हत्या गरेको आरोपमा झापा अर्जुनधाराका एक व्यक्ति पक्राउ परेका छन् । पक्राउ पर्नेमा अर्जुनधारा वडा नं. ५ कंचनवारी बस्ने २४ वर्षीय किरण गौतम रहेका छन् । उनले अर्जुनधारा वडा नं. ८ कुशलचोक बस्ने यामबहादुर बस्नेतकी श्रीमती २९ वर्षीया काजल सुवेदी बस्नेतलाई धकेलेर हत्या गरेका हुन् ।

घटना विवरण अनुसार जेठ २ गते राति ९;१५ बजे अर्जुनधारा वडा नं. ८ कुशलचोकस्थित एम्स सेकेन्डरी बोर्डिङ स्कुलको पश्चिमतर्फ रहेको खुल्ला चौरमा गौतम र बस्नेत अत्यधिक मदिरा सेवन गरि मातेर बसिरहेको अवस्थामा उनीहरूबीच विवाद भएको थियो । त्यसक्रममा गौतमले बस्नेतलाई धकेल्दा खुल्ला चौरको बिचमा सिमानाको लागि बनाएको कंक्रिटको प्लममा उनी ठोक्किएकी थिइन् । टाउकोमा चोट लागेर गम्भीर घाइते भएकी बस्नेतलाई स्थानीयले फेला पारी उपचारको लागि स्थानीय शंकर अस्पतालमा पठाएका थिए । उनको मंगलबार विहान मृत्यु भएको प्रहरीले जनाएको छ ।

**दमक नगरपालिका नगरकार्यपालिकाको**
**कार्यालय, दमक झापाको**

## आन्तरिक आय संकलनका लागि बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३/०२/०६)**

नगरपालिकाको आ.ब.२०८३/०८४ का लागि आन्तरिक आय संकलनका लागि निम्न ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले सम्वन्धित सबैको जानकारीको लागि तपशिल अनुसारका शर्तहरू उल्लेख गरी तपशिलका आय ठेक्काहरुको १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरीएको छ। आय ठेक्कामा भाग लिन चाहने व्यक्ती वा कम्पनी/फर्महरूले तपशिलको सेवा शर्तका वन्देजमा रही शिलवन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. न. | ठेक्का नं. | बोलपत्रको नाम | न्युनतम ठेक्का अंक रु.(भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारमदस्तुर रु. | ठेक्का अवधि | बोलपत्र खोल्ने |
|---|---|---|---|---|---|---|---|
| १ | DMO/JHAPA/ POKHRI/ /79/82/83 | **दमक वडा नं. ३ पुलचौक टोलमा रहेको पशुपति सिमसारमा माछापालनका लागि २ पोखरी भाडामा व्यक्ति वा फर्मले दुवै पोखरीका लागि पेश गर्नु पर्नेछ।** | प्रति पोखरी रु. ३०,०००।(अक्षरेपी तिस हजार मात्र ) | कबोल गरेको रकमको ५% | १०००। एक हजार | २ बर्षे | बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलि पल्ट बिहान १० बजे। |
| २ | DMO/JHAPA/ HAT/ /80/82/83 | **दमक बजार क्षेत्रमा दैनिक तथा साप्ताहिक हाटकर बिटौरी संकलन** | ५५,०००।(अक्षरेपी पचपन्न हजार मात्र ) | कबोल गरेको रकमको ५% | १०००। एक हजार | १ बर्ष | |

**शर्तहरु:**

१. प्रति बोलपत्र फारम दस्तुर रकम रु १०००।०० (अक्षरेपी एक हजार रुपैंया) देहायको खातामा जम्मा गर्न सकिनेछ । जम्मा गरेको राजस्व भौचर, नागरिकता प्रमाण पत्रको प्रतिलिपी फर्म भए सो को नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी र धरौटी वापतको रकम वा बैंक ग्यारेन्टीको Scan कपी बोलपत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ। बोलपत्र फारम दमक नगरपालिका राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ। बोलपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम निम्नानुसार बुझाउनु पर्नेछ। अन्य शर्तहरु कार्यालयले तोके बमोजिम हुनेछ ।

**देहाय**

**(बोलपत्र फारम दस्तुर र धरौटी रकम बुझाउने सम्बन्धी विवरण)**

| क्रस | कार्यालय / कोड नं. | बैंकको नाम | बोलपत्र फारम दस्तुरका लागि राजस्व दाखिला गर्ने खाता नं.र शिर्षक नं. | धरौटी खाता नं. |
|---|---|---|---|---|
| १ | दमक नगरपालिका | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, | खाता नं २१४०१००३०१०१०००२ शिर्षक नं. १४२२९ | २१४०१००३०३००००००२ |

# सम्पादकीय

## सक्रिय सरकार, आशावादी बचतकर्ता

नेपालमा सहकारी आन्दोलनलाई ग्रामीण अर्थतन्त्रको मेरूदण्डका रुपमा लिने गरिन्छ । साना बचत संकलन गरेर सर्वसाधारणलाई ऋण, रोजगारी र आर्थिक अवसर उपलब्ध गराउने कार्यमा सहकारी संस्थाले महत्वपूर्ण भूमिका खेलेका छन् । विशेषगरी निम्न तथा मध्यम वर्गका नागरिकका लागि सहकारी सहज वित्तीय पहुँचको माध्यम बनेका छन् । गाउँ(गाउँमा बचत गर्ने बानीको विकास, महिला सशक्तीकरण, कृषि तथा साना व्यवसाय प्रवर्द्धनमा सहकारीको योगदान उल्लेखनीय रहँदै आएको छ । तर पछिल्ला वर्षहरुमा केही सहकारी संस्थामा देखिएको आर्थिक अनियमितता, अपारदर्शिता र बचत रकम हिनामिनाका घटनाले हजारौं बचतकर्तालाई समस्यामा पारेको छ । आफ्नो जीवनभरको कमाइ सहकारीमा जम्मा गरेका नागरिकले रकम फिर्ता नपाउँदा निराशा, तनाव र असुरक्षाको अवस्था सिर्जना भएको थियो । यस्तो अवस्थामा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले बचतकर्तालाई रकम फिर्ता दिन सुरू गर्नु सकारात्मक र आशा जगाउने कदम हो । पहिलो चरणमै सयौं बचतकर्ताले रकम फिर्ता पाउनु राज्यले पीडितप्रति जिम्मेवारी बहन गर्न थालेको संकेत पनि हो ।

यद्यपि, यसलाई केवल रकम फिर्ता प्रक्रियामा सीमित राखेर पुग्दैन । सहकारी क्षेत्रमा देखिएका समस्या किन उत्पन्न भए भन्ने विषयमा गम्भीर समीक्षा आवश्यक छ । धेरै सहकारी संस्थामा प्रभावकारी अनुगमन नहुनु, राजनीतिक संरक्षण, कमजोर व्यवस्थापन, आर्थिक अनुशासनको अभाव तथा सीमित व्यक्तिको स्वार्थका कारण समस्या बढेको देखिन्छ । कतिपय सञ्चालकहरुले बचतकर्ताको रकम जोखिमयुक्त क्षेत्रमा लगानी गर्नुका साथै व्यक्तिगत लाभका लागि दुरूपयोग गरेका घटनाले समग्र सहकारी क्षेत्रकै विश्वसनीयतामा धक्का पुगेको छ । तर केही संस्थाको गलत कार्यका आधारमा सम्पूर्ण सहकारी क्षेत्रलाई दोषी ठहर देख्नु र देखाईनु उचित हुँदैन । अहिले पनि देशभर हजारौं सहकारी संस्थाले इमानदारीपूर्वक सेवा दिइरहेका छन् । कृषि उत्पादन, महिला उद्यमशीलता, स्वरोजगार र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन उनीहरुको भूमिका प्रभावकारी छ । त्यसैले खराब प्रवृत्तिलाई नियन्त्रण गर्दै राम्रो अभ्यासलाई प्रोत्साहन गर्नु आवश्यक छ ।

अब सहकारी क्षेत्रलाई थप पारदर्शी, उत्तरदायी र विश्वसनीय बनाउन दर्बिलो नियमन अपरिहार्य बनेको छ । सहकारीको नियमित लेखापरीक्षण, डिजिटल निगरानी प्रणाली, सञ्चालकको जवाफदेहिता, बचतकर्ताको सुरक्षाका लागि स्पष्ट कानुनी व्यवस्था तथा प्रभावकारी कारबाही प्रणाली लागू गर्नुपर्छ । साथै बचतकर्ताले पनि संस्थाको अवस्था बुझेर मात्र लगानी गर्ने सचेतना बढाउन जरूरी छ । विश्वास नै सहकारीको मुख्य आधार हो । त्यो विश्वास जोगाउन सरकार, नियामक निकाय, सहकारी सञ्चालक र बचतकर्ता सबै पक्ष जिम्मेवार बन्न आवश्यक छ । पारदर्शिता, अनुशासन र प्रभावकारी नियमनमार्फत मात्रै सहकारी क्षेत्रलाई पुनः विश्वसनीय र सशक्त बनाउन सकिन्छ ।

# सामाजिक सञ्जाल

## कांग्रेसलाई जेनजी अगुवाको सुझाव

नेपाली कांग्रेसले संविधान संशोधन अध्ययन तथा सुझाव पेश गर्न गठित विज्ञ समितिसँगको छलफलमा गरेको निमन्त्रणालाई स्वागत गर्दै जेनजी अभियन्ता माजिद अन्सारी लेख्छन्–

नेपाली कांग्रेसले संविधान संशोधन अध्ययन तथा सुझाव पेश गर्न गठित विज्ञ समितिसँगको छलफलको लागि निमन्त्रणाको लागि धन्यवाद ।

संविधान संसोधन जस्तो जटिल राजनीतिक तथा संवैधानिक विषय देश भित्रका सबै राजनीतिक शक्तिहरु (संसद भित्र र संसद बाहिर रहेका दुवै) बीचको छलफल, बहस र सहमतिको आधारमा मात्रै सम्भव हुने कुरामा हामी स्पष्ट छौं । यसका लागी नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी दलको रूपमा छलफलको लागि विभिन्न सरोकारवालाहरु संग छलफलको सामूहिक प्रयास गर्नु स्वागत योग्य विषय नै हो । तर प्रतिनिधिसभा निर्वाचन सम्पन्न भएपछि प्रमुख प्रतिपक्षी दलको रूपमा रहेको नेपाली काँग्रेस करिब २ महिना पछि बल्ल सक्रियता देखाउनु भएकोमा हार्दिक धन्यवाद सहित नेपाली काँग्रेसको संविधान संशोधन अध्ययन र सुझाव पेश गर्न गठित विज्ञ समिति सङ्ग छलफलमा जानु अघि संसदमा प्रमुख प्रतिपक्षी दलको रूपमा रहेको नेपाली काँग्रेस सङ्ग हाम्रो निम्त केही गम्भीर सारभूत प्रश्नहरु रहेका छन् ।

१. जेन–जी जनआन्दोलनका घाइतेहरूको उपचार तथा सहिद परिवारलाई तत्काल राहतका लागि प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलको रूपमा रहेको नेपाली काँग्रेस सदनमा उक्त विषयमा हाल सम्म मौन किन छ ?

२. नेपाली कांग्रेसले जेन–जी जनआन्दोलनका प्रतिनिधिहरु तथा नेपाल सरकार बीच मिति २०८२ साल मंसिर २४ गते सम्पन्न भएको १० बुँदे सम्झौतालाई मान्ने र कार्यान्वयनको लागि पहल गर्ने भनी हाल सम्म संस्थागत निर्णय गरेको छ कि छैन ?

३. उल्लेखित १० बुँदे सम्झौताको कार्यान्वयनको विषयमा नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्यहरु सदनमा हालसम्म किन मौन छन् ?

४. नेपाली कांग्रेस संस्थागत रूपमा उल्लेखित १० बुँदे सम्झौता प्रति अझै पनि प्रतिबद्ध छ कि छैन ?

५. भदौ २३ र २४ गतेको घटना सम्बन्धमा जाँचबुझ गर्नका लागि बनेको गौरी बहादुर कार्की आयोग तथा राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन हाल सम्म आधिकारिक रूपमा सार्वजनिक नभएको विषयमा नेपाली काँग्रेस संस्थागत रूपमा किन मौन छ ? नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्यहरूले सदनमा सो सम्बन्धी विषय किन उठाउँदैनन् ?

अन्त्यमा,

जेन–जी जन आन्दोलनका घाइते तथा शहीद परिवारको उपचार तथा न्याय सहित जेन–जी जनआन्दोलनका प्रतिनिधि र नेपाल सरकार बीच सम्पन्न १० बुँदे सम्झौताको कार्यान्वयन प्रति प्रतिबद्ध रहेको खण्डमा नेपाल सरकार सहित संसद भित्र तथा बाहिर रहेका सम्पूर्ण राजनीतिक शक्तिहरू सङ्ग संविधान संशोधनको विषयमा छलफल, बहस तथा तार्किक निष्कर्षमा पुग्न पुर्याउनको लागि सम्पूर्ण रूपले तयार रहेको विनम्र अनुरोध छ ।

# नयाँ सभ्यताको मोडमा नेपाल-भारत सम्बन्ध



✍ डा. प्रल्हाद कार्की

**नेपालले उपेक्षित भएको महसुस गर्यो भने शंका स्थायी बन्छ । भारतले नेपाललाई केवल सुरक्षा वा भूराजनीतिक प्रतिस्पर्धाको दृष्टिले मात्र हेर्नु हुँदैन । नेपाल केवल 'बफर' होइन, नेपाल आफ्नै आकांक्षा, चिन्ता र स्वाभिमान भएको सार्वभौम सभ्यतागत छिमेकी हो ।**

म कूटनीतिमा दख्खल राख्ने व्यक्ति होइन । यो लेख मैले एक साधारण नागरिकको दृष्टिकोणबाट लेखेको हुँ, जसले समाज, नेतृत्व, जनभावना र दक्षिण एसियामा भइरहेको परिवर्तन नजिकबाट महसुस गर्छ । नागरिकलाई हरेक सन्धि, नक्सा, सीमा–प्राविधिक विवरण वा कूटनीतिक 'प्रोटोकल' थाहा नहुन सक्छ । तर कहिलेकाहीँ नागरिकले इतिहासको धड्कन बुझ्छ । कुनै सम्बन्धले नयाँ भाषा, नयाँ विधि र नयाँ परिपक्वता खोजिरहेको छ भन्ने कुरा जनस्तरबाट महसुस गर्न सकिन्छ ।

नेपाल–भारत सम्बन्ध नेपालको अरु कुनै देशसँगको सम्बन्धसँग तुलना गर्न सकिँदैन । यो केवल दुई सरकारबीचको सम्बन्धमात्र होइन । यो जनता, परिवार, सभ्यता, धर्म, भाषा, नदी, पहाड, बजार, रोजगारी र सम्झनासँग जोडिएको सम्बन्ध हो । खुला सीमा केवल भौगोलिक व्यवस्था होइन, यो दैनिक जीवनको वास्तविकता हो ।

मानिस काम, पठनपाठन, व्यापार, विवाह, तीर्थाटन, उपचार र जीवन चलाउन सीमाबाट आउजाउ गर्छन् । त्यसैले नेपाल र भारतबीचका कुनै पनि समस्या टाढाका दुई राष्ट्रबीचका साधारण विवादजस्तो व्यवहार गरेर समाधान हुन सक्दैन । यसका लागि छुट्टै संवेदनशील र परिपक्व ढाँचा चाहिन्छ ।

नेपाल–भारत साधारण छिमेकी सम्बन्ध होइन; यो जनजीवन, संस्कृति र सभ्यतासँग जोडिएको सम्बन्ध हो । धेरै वर्षसम्म नेपाल–भारत सम्बन्ध भावना, धर्म, संस्कृति, सामाजिक निकटता र ऐतिहासिक निरन्तरताले धानेको छ । यी सबै मूल्यवान् पक्ष हुन् ।

कुनै पनि बुद्धिमान् कूटनीतिले यिनलाई बेवास्ता गर्नु हुँदैन । तर आज भावनामात्र पर्याप्त छैन । दक्षिण एसिया बदलिँदै छ । नयाँ पुस्ता बढी सचेत र आफ्नो स्वाभिमान, सार्वभौमिकता र न्यायप्रति बढी संवेदनशील छ । एआई सभ्यताले शासन, कूटनीति, सञ्चार, सुरक्षा र जनअपेक्षाका पुराना मानक बदलिरहेको छ । यस्तो समयमा नेपाल–भारत सम्बन्ध भावनात्मक निकटताबाट संस्थागत स्पष्टतातर्फ उठ्नुपर्छ ।

नेपाल(भारत सम्बन्धमा निकटता नभएको होइन तर निकटता पारदर्शी, प्राविधिक र विश्वासयोग्य प्रणालीमा रूपान्तरण हुन सकेको छैन । सीमा विवाद, सन्धि पुनरावलोकन, नदी व्यवस्थापन, व्यापार अवरोध, आप्रवासन र सुरक्षा संवेदनशीलता लामो समयसम्म अस्पष्ट रहँदा जनस्तरमा शंका बढ्छ ।

शंका बढेपछि साना घटनाले पनि ठूलो भावनात्मक रूप लिन्छ । त्यसैले संवेदनशील विषयलाई राजनीतिक नारा, चुनावी मुद्दा वा राष्ट्रवादी उत्तेजनाको साधन बनाउनु हुँदैन । तर मित्रताको नाममा ती विषयलाई बेवास्ता गर्नु उचित होइन ।

सीमा विषय सबैभन्दा संवेदनशील उदाहरण हो । सीमा केवल नक्सामा कोरिएको रेखा होइन; यो सार्वभौमिकता, पहिचान, जीविका र जनमनोविज्ञानसँग जोडिएको विषय हो । नेपालको आफ्नो चासो छ । भारतको आफ्नो दृष्टिकोण छ । तर यसको समाधान सडकको आक्रोश, सञ्चारमाध्यमको दबाब वा भावनात्मक प्रतिक्रियाबाट मात्र सम्भव हुँदैन । ऐतिहासिक अभिलेख, प्राविधिक सर्वेक्षण, कानुनी व्याख्या, कूटनीतिक धैर्य र राजनीतिक साहसबाट सीमा समस्या समाधान गरिनुपर्छ ।

त्यसका लागि सिद्धान्त स्पष्ट हुनुपर्छ । विषय राजनीतिक रूपमा संवेदनशील भए पनि समाधान प्राविधिक रूपमा खोजिनुपर्छ । नेतृत्वले विश्वास र 'म्यान्डेट' दिनुपर्छ । विज्ञले नक्सा, दस्तावेज, नदी, इतिहास र स्थानीय वास्तविकता अध्ययन गरी कूटनीतिक निकायले त्यसलाई टिकाउ हुने प्रकारको सहमतिमा बदल्नुपर्छ ।

संवेदनशील विषयलाई राजनीतिमा तान्नु हुँदैन । प्रमाण, विज्ञता र संवादबाट समाधान खोजिनुपर्छ । नेपालले आफ्नो राष्ट्रिय हित स्पष्ट रूपमा राख्नुपर्छ । सानो देश भन्दैमा भूभाग, स्वाभिमान र सार्वभौमिकतासँग सम्बन्धित विषयमा मौन बस्नु हुँदैन । तर नेपालले तयारीबिनाको प्रतिक्रियात्मक राष्ट्रवादबाट पनि जोगिनुपर्छ ।

सार्वभौमिकता भनेको केवल ठूलो स्वरले दाबी गर्नुमात्र होइन, यो ज्ञान, प्रमाण, तयारी, वार्ता क्षमता र संस्थागत निरन्तरताबाट बलियो हुन्छ । नेपालले प्राविधिक टोली, ऐतिहासिक अभिलेख, सीमा अनुसन्धान क्षमता र परिपक्व सार्वजनिक सञ्चार विकास गर्नुपर्छ । चिच्याएर मात्र देश बलियो हुँदैन; प्रमाण तयार गरेर आत्मविश्वाससाथ प्रस्तुत गर्दा बलियो हुन्छ ।

भारत ठूलो छिमेकी भएकाले उसले अझ बढी धैर्य, संवेदनशीलता र सम्मान देखाउनुपर्छ । स्थिर, आत्मविश्वासी र सम्मानित नेपाल भारतको हितविपरीत होइन; दीर्घकालीन रूपमा भारतकै हितमा छ । नेपालले सम्मान पाएको महसुस गर्यो भने सहकार्य सहज हुन्छ ।

नेपालले उपेक्षित भएको महसुस गर्यो भने शंका स्थायी बन्छ । भारतले नेपाललाई केवल सुरक्षा वा भूराजनीतिक प्रतिस्पर्धाको दृष्टिले मात्र हेर्नु हुँदैन । नेपाल केवल 'बफर' होइन, नेपाल आफ्नै आकांक्षा, चिन्ता र स्वाभिमान भएको सार्वभौम सभ्यतागत छिमेकी हो ।

यो सम्बन्धको आर्थिक गहिराइ रेमिट्यान्स र जीविकामा पनि देखिन्छ । नेपालले एकातिर सन् २०२३ मा भारतबाट करिब १.३१९ अर्ब अमेरिकी डलर रेमिट्यान्स प्राप्त गरेको अनुमान छ । अर्कोतर्फ पुराना द्विपक्षीय अनुमानअनुसार सन् २०१७ मा भारतले नेपालबाट करिब ३.०१ अर्ब अमेरिकी डलर प्राप्त गरेको देखिन्छ ।

यो तथ्यांकले नेपाल–भारत सीमा केवल राजनीतिक वा सांस्कृतिक सीमा होइन, यो दुवै देशका श्रमिक, परिवार र समुदायका लागि जीविकाको मार्ग पनि हो भन्ने देखाउँछ । खुला सीमामा धेरै कारोबार अनौपचारिक हुने भएकाले यसको वास्तविक मानवीय र आर्थिक मूल्य अझ ठूलो हुनसक्छ । त्यसैले खुला सीमा बन्द गर्नु होइन, आधुनिक बनाउनु आवश्यक छ । यो नेपाल–भारत सम्बन्धको सबैभन्दा विशेष पक्षमध्ये एक हो । तर यसको दुरूपयोग रोक्न स्मार्ट व्यवस्थापन, डिजिटल प्रणाली, एकीकृत जाँच चौकी, मानव बेचबिखनविरूद्ध सहकार्य, व्यापार सहजीकरण र स्थानीय गुनासो सुनुवाइ संयन्त्र चाहिन्छ ।

आवतजावत खुला रहोस्, तर अव्यवस्था घटोस् । मित्रता कायम रहोस्, तर भ्रम हटोस् । श्रमिकको सम्मान, रेमिट्यान्स प्रणाली, सीमा–आधारित जीविका र वित्तीय पारदर्शिताजस्ता कुरा साना प्रशासनिक विषय होइनन्, यसलाई कूटनीतिक प्राथमिकता मानिनुपर्छ ।

खुला सीमा केवल रेखा होइन; यो श्रमिक, परिवार र समुदायको जीविकाको मार्ग हो । यस क्षणमा नेतृत्वको भूमिका पनि महत्त्वपूर्ण छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी गहिरो सांस्कृतिक जरा, अनुशासन र सभ्यतागत चेतनासँग जोडिएको व्यक्तित्वका रूपमा देखिन्छन् । नेपालका प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) भने डिजिटल संस्कृति, सार्वजनिक जवाफदेहिता र एआई युगको शासन सोचबाट प्रभावित नयाँ पुस्ताको प्रतिनिधिजस्तो देखिन्छन् ।

बालेनको शैली सधैँ परम्परागत कूटनीतिक, संसदीय वा प्रशासनिक अपेक्षाभित्र नपर्न सक्छ । केही कूटनीतिज्ञ, सांसद वा कर्मचारीलाई यो शैली असहज लाग्न सक्छ । तर सभ्यताको यो संक्रमणले शासन, सञ्चार र नेतृत्वको नयाँ 'प्रोटोकल' मागिरहेको छ । मोदी र बालेनलाई प्रतिस्पर्धी रूपमा होइन, निरन्तरता, नवप्रयोग र भविष्यको अनुकूलनका रूपमा उनीहरु एकअर्कालाई पूरक ऊर्जाका रूपमा पनि हेर्न सकिन्छ ।

नेपाल–भारत सम्बन्ध अब केवल भावनात्मक कूटनीतिमा सीमित रहनु हुँदैन । यो सभ्यता, प्रविधि, सार्वभौमिकता र सहकार्यलाई सँगै लैजाने अनुकूलनशील कूटनीतिको नमुना बन्नुपर्छ । व्यावहारिक रूपमा अघि बढ्नका लागि पार्टी राजनीतिभन्दा माथि र सार्वजनिक उत्तेजनाभन्दा परको विशेष नेपाल–भारत संयन्त्र आवश्यक छ । यसमा स्थायी सीमा संयन्त्र, संयुक्त प्राविधिक अभिलेख, स्थानीय सीमा नागरिक समिति, विवादित क्षेत्रमा एकतर्फी गतिविधि नगर्ने समझदारी, नियमित कूटनीतिक समीक्षा र प्रमुख संवादपछि पारदर्शी सार्वजनिक जानकारी समावेश हुन सक्छन् ।

नेपाल र भारतका साधारण जनता राजनीतिक तनावमा बाँच्न बाध्य हुनु हुँदैन । हाम्रो मित्रतालाई राजनीतिकरण नगरियोस् । जनतालाई सम्मान, विश्वास र शान्तिमा बाँच्ने मानव अधिकार छ । यदि सरकारहरूले संवाद र प्राविधिक संयन्त्रबाट संवेदनशील विवाद समाधान गर्न सक्दैनन् भने सहमत संस्थागत वा कानुनी प्रक्रियामा जानुपर्छ ।

समस्यालाई दशकौँसम्म 'थाती' राखेर राजनीतिक हतियार बनाउनु हुँदैन । विज्ञले प्रमाण हेर्नुहोस्, सरकारले जिम्मेवारीपूर्वक वार्ता गरून्, र जनता छिमेकी, नातेदार, श्रमिक र मित्रका रूपमा बाँचिरहन पाउन् ।

हाम्रो मित्रतालाई राजनीतिकरण नगरौं, जनतालाई शान्ति र विश्वासमा बाँच्ने अधिकार छ । नेपालले आफ्नो भूमि कुनै पनि छिमेकीविरूद्ध प्रयोग हुन नदिने स्पष्ट विश्वास दिलाउनुपर्छ । यो कमजोरी होइन; जिम्मेवार सार्वभौमिकता हो । त्यसैगरी भारतले पनि नेपालको सार्वभौमिकता, जनभावना र राष्ट्रिय स्वाभिमानको सम्मान हुने विश्वास दिनुपर्छ ।

नेपाल र भारतलाई वैरभाव चाहिँदैन, अन्धभावना पनि चाहिँदैन । चाहिएको कुरा परिपक्व मित्रता हो । सीमाको विषय 'घाउ' बनेर बस्नु हुँदैन । त्यो स्पष्टता, सहकार्य र साझा समृद्धिको रेखा बन्नुपर्छ । नेपाल–भारत सम्बन्धसँग नजिक रहन पर्याप्त इतिहास छ । अब विश्वासिलो रहन पर्याप्त बुद्धिमता चाहिन्छ । यो नयाँ सभ्यताको मोडमा चुनौती केवल विगत जोगाउने होइन; भविष्य डिजाइन गर्ने हो । खबरहब

## उल्टोघरमा राउटे जाति 'विशेष मेला'



मिक्लाजुङ । मोरङको मिक्लाजुङ ३ स्थित नेसेलुङ पार्कमा "एक घुमन्ते सभ्यता लोपोन्मुख राउटे जाति विशेष मेला" आयोजना गरिएको छ । याक्थुङ भिलेज प्रा.लि. (उल्टोघर) को आयोजनामा सुरू गरिएको मेलाले नेपालको लोपोन्मुख तथा घुमन्ते आदिवासी राउटे समुदायको संस्कृति, परम्परा र जीवनशैलीलाई संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्य लिएको जनाएको छ । मेला ९ जेठसम्म चल्ने छ ।

मेलासँगै आयोजकले सार्वजनिक गरेको आचारसंहितामा राउटे समुदायलाई "मनोरञ्जनको वस्तु" वा "प्रदर्शनी" का रूपमा व्यवहार नगर्न आग्रह गरिएको छ । आगन्तुक, सञ्चारकर्मी तथा स्वयंसेवकलाई उनीहरूको आत्मसम्मान, व्यक्तिगत स्वतन्त्रता र सांस्कृतिक संवेदनशीलतालाई ध्यानमा राख्न अनुरोध गरिएको छ । फोटो तथा भिडियो खिच्नुअघि अनुमति लिनुपर्ने, बालबालिकाको तस्बिर सावधानीपूर्वक मात्र प्रयोग गर्नुपर्ने तथा बसोबास क्षेत्रमा जबर्जस्ती प्रवेश गर्न नपाइने उल्लेख गरिएको छ ।

मेलालाई लिएर सामाजिक सञ्जालमा भने मिश्रित प्रतिक्रिया देखिएको छ । केहीले राउटे समुदायको संस्कृति जोगाउन यस्ता कार्यक्रम आवश्यक भएको बताएका छन् भने कतिपयले मानिसलाई चिडियाखानामा जनावर झैँ प्रदर्शन गरिनु मानवीय दृष्टिले असहज र अनुचित हुने टिप्पणी गरेका छन् । आयोजकले भने राउटे समुदाय "हाम्रो सांस्कृतिक सम्पदा" भएकाले उनीहरूलाई कौतुहलको विषय नभई सम्मानको दृष्टिले हेर्न सबैसँग आग्रह गरेको छ ।

## अदालतको सेवा सुधार्न सेवाग्राहीसँग प्रत्यक्ष छलफल

भद्रपुर । झापा जिल्ला अदालतले सेवाग्राहीको गुनासा र सुझाव प्रत्यक्ष सुन्न "न्यायाधीशसँग भेटघाट" कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रममा झापा जिल्ला अदालतका प्रमुख न्यायाधीश उमेशप्रसाद लुईटेलले अदालतबाट दिइने सेवाबारे सेवाग्राहीसँग प्रत्यक्ष संवाद गरेका थिए। सहभागीहरूले अदालतको सेवा, कर्मचारीको व्यवहार, सेवा प्रवाहमा हुने ढिलाइ, पक्षपात वा अन्य समस्याबारे आफ्ना अनुभव र सुझाव राखेका थिए । अदालतका श्रेस्तेदार डिल्लीराम प्रसाईका अनुसार नागरिकलाई अदालतप्रति सहज पहुँच दिलाउने र सेवा प्रवाहलाई अझ जनमैत्री बनाउने उद्देश्यले यस्तो कार्यक्रम गरिएको हो। उनले सेवाग्राहीका गुनासा र अपेक्षालाई ध्यानमा राखेर काम गरिने बताए । कार्यक्रममा विचाराधीन मुद्दाको हार(जितबारे भने छलफल गरिएको थिएन। सेवाप्रवाहमा भएका समस्या, असन्तुष्टि र सुधारका विषयमा मात्रै छलफल गरिएको अदालतले जनाएको छ । अदालत प्रशासनका अनुसार सेवाग्राहीले अदालतको सेवा सम्बन्धी जानकारी वा गुनासा अदालतको वेबसाइटमा राखिएको सम्पर्क नम्बरमार्फत पनि दिन सक्नेछन् ।

## भारततर्फ तस्करी गर्न लागिएको स्याउ बरामद

विर्तामोड । भारततर्फ अवैध रूपमा निकासी गर्न लागिएको लाखौं रूपैयाँ बराबरको स्याउ झापाबाट बरामद गरेको छ । झापा गाउँपालिका–१ बिलाइतिबारीस्थित बारूद्धिन शेखको घरमा स्याउ लुकाएर राखिएको भन्ने विशेष सूचनाका आधारमा सशस्त्र प्रहरीको बीओपी टाघनडुब्बा र इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको संयुक्त टोलीले छापा मारेको थियो।छापा मार्ने क्रममा बिलबिजकविहीन ५४ कार्टुन स्याउ बरामद गरिएको प्रहरीले जनाएको छ । बरामद स्याउको कुल तौल १ हजार ८० किलोग्राम रहेको छ । त्यसको अनुमानित मूल्य ३ लाख २४ हजार रूपैयाँ बराबर रहेको बताइएको छ ।प्रहरीका अनुसार उक्त स्याउ भारततर्फ अवैध रूपमा निकासी गर्ने तयारी अवस्थामा फेला परेको हो। घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको छ ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक–६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक–८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३–५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०

# भूपु सैनिक संघले मनायो स्थापना दिवस

दमक । नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघ झापा क्षेत्रीय समिति-५ ले विभिन्न कार्यक्रम गरि प्रथम वार्षिक साधारणसभा तथा स्थापना दिवस मनाएको छ ।

कमल ५ पाडाजुँङ्गीस्थित संघको कार्यालयमा आइतवार विशेष कार्यक्रम गरि साधारणसभासहित स्थापना दिवस भव्य रूपले मनाएको हो ।

कार्यक्रममा संघको भवन निर्माणका लागि कमल ७ मा जग्गादान दिने समाजसेवी युवनाथ अधिकारीलाई सम्मान प्रदान गरिएको थियो भने सैनिक जीवनका क्रममा वीरगति प्राप्त गरेका पाँच परिवारलाई सामूहिक रूपमा वीरगति सम्मान गरिएको क्षेत्रीय सचिव सचिव बलराम धिमालले जानकारी दिए । दाता अधिकारीले १० धुर जमीन दान दिएका र थप सहयोग गर्न आफू प्रतिवद्ध भएको उल्लेख गरे ।

उनका अनुसार वीरगति प्राप्त हुने दिलमाया थापा, सुनिता दुलाल, पवित्रा बस्नेत, शान्तादेवी पौडेल र पवित्रादेवी गुरागाई रहेकी छन् ।

संघका क्षेत्रीय सभापति गोपाल निरौलाको अध्यक्षता तथा जिल्ला सभापति कान्तिबहादुर कार्कीको प्रमुख आतिथ्यतामा भएको साधारणसभामा संघका कोषाध्यक्ष बिनोद कोइरालाले संस्थागत आम्दानी र खर्चको विबरण प्रस्तुत गरेका थिए । त्यस्तै, अध्यक्ष निरौलाले संघले एक वर्षभरी सम्पन्न गरिएका विभिन्न गतिविधिहरू र आगामी वर्षको योजना र कार्यक्रमलाई समेटेर प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । साधारणसभाको बन्दसत्रले अध्यक्ष र कोषाध्यक्षले पेश गरेका दुबै प्रतिवेदनलाई सुझावसहित पारित गरिएको थियो ।

त्यसैगरी,संघ स्थापना भएको छोटो समयमानै संस्थागत सुदृढीकरण तथा समाजमा पुरयाँउदै आएको रचनात्मक र सृजनात्मक गतिविधिहरू अति प्रंशसनीय भएको भन्दैं केन्द्रीय समितिले कदरपत्र प्रदान गरेको थियो ।

सोहि अवसरमा संघमा आवद्धता हुन चाहने पाँच जना भूपुलाई संस्थाको विधानअनुसार सदस्यता समेत प्रदान गरिएको थियो ।

संघका क्षेत्रीय सचिव धिमालका अनुसार संघले गत वर्ष विश्व वातबरण दिवसको अवसर पारेर दमकस्थित आम्दा हस्पिटल दक्षिण भाइरल सडकमा दुई सय बढी विभिन्न जातका फलफूलका विरूवाहरू रोप्नुका साथैं कमल-२ ज्योति माध्यमिक विद्यालयका गरिव तथा जेहेन्दार विद्यार्थीहरूलाई लक्षित गरेर विद्यालय पोशाक, खेलकुद र स्टेशनरी सामाग्रीहरू वितरण लगायतका सामाजिक गतिविधिहरू गरेको थियो ।

# ७ वर्ष सम्म अधुरो पुल



धरान/ धरान उपमहानगरपालिका-५ स्थित देवी गाउँको लेदुवा खोलामा निर्माणाधीन पुल सात वर्ष बित्दासमेत पूरा हुन सकेको छैन । सम्झौता भए अनुसार पाँच वर्षअघि नै निर्माण सम्पन्न हुनुपर्ने भए पनि हालसम्म काम अलपत्र रहँदा स्थानीयवासी र विद्यार्थीले बर्खायाममा जोखिम मोलेर खोला तर्न बाध्य भएका छन् ।

पुल निर्माणका लागि विसं २०७७ साउन ४ गते कोशी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय र वर्ल्ड ट्रेड कन्स्ट्रक्सन कम्पनीबीच एक करोड २१ लाख ८६ हजार आठ सय १३ लागतमा सम्झौता भएको थियो । सम्झौता अनुसार विसं २०७८ साउन ७ गतेभित्र निर्माण कार्य सम्पन्न हुनुपर्ने थियो ।

धरान उपमहानगरपालिका(५ का वडाध्यक्ष मनप्रसाद लिम्बूका अनुसार पुल निर्माणका क्रममा दुवैतर्फ पिलर उठाइए पनि त्यसपछि काम अघि बढ्न सकेको छैन । करिब ४० प्रतिशत काम भएको थियो, अहिले त पिलरसमेत झाडीले ढाकिसके । पुल नबन्दा धरान(४ र ५ का बासिन्दालाई धरान बजारसम्म आवतजावत गर्न समस्या हुने गरेको उनले बताए । बर्खायाममा खोलामा बाढी आएपछि स्थानीयवासी र विद्यार्थीले ज्यान जोखिममा राखेर खोला पार गर्नुपर्ने अवस्था रहेको उनको भनाइ छ । बिरामी परे बिरामीलाई अस्पताल पुर्‍याउन समेत कठिन हुन्छ । विशेषगरी यहाँका किसानले उत्पादन गरेका उपभोग्य वस्तु धरान बजारसम्म पुर्‍याउन समस्या हुने गरेको छ । त्यसैगरी विद्यार्थीलाई पनि आवतजावतमा कठिनाइ हुने गरेको स्थानीयवासी बताउँछन् । उनका अनुसार पुल निर्माण सम्पन्न भए धरानको मुख्य बजारसँगै धरान(४ र ५ का बासिन्दालाई आवतजावतमा सहज हुने छ । साथै, यस मार्गमार्फत धनकुटाको राजारानी तथा मोरङको याङ्शीला, केराबारी हुँदै धनकुटा र मोरङसम्म पुग्नसमेत सहज हुने उनको भनाइ छ ।

# खावामा विस्तार हुँदै किवि खेती

भोजपुर/ भोजपुरको टेम्केमैयुङ गाउँपालिका-५ खावाका किसानले किवीखेतीलाई नयाँ आम्दानीको विकल्पको रूपमा अपनाएका छन् । दीर्घकालीन आम्दानी लिन सकिने सम्भावना देखिएपछि वडाले पनि किवीखेतीलाई प्राथमिकतामा राख्दै किसानलाई प्रोत्साहन गर्दै आएको छ ।

किवीखेतीका लागि उपयुक्त भूगोल र हावापानी रहेको क्षेत्रलाई लक्षित गर्दै वडाले हालसम्म करिब १७० जना किसानलाई किवीका बिरूवा वितरण गरिसकेको वडाध्यक्ष सुनिल राईले जानकारी दिए । उनका अनुसार हालसम्म करिब दुई हजार ५०० भन्दा बढी बिरूवा वितरण भइसकेको छ । किवीका माध्यमबाट किसानलाई आयआर्जनमा जोड्ने लक्ष्यसहित खेती विस्तारमा जोड दिएको उनको भनाई छ ।

किसानलाई व्यावसायिक कृषि उत्पादनतर्फ आकर्षित गर्ने उद्देश्यले वडा कार्यालयले बिरूवा वितरणसँगै प्राविधिक सहयोग पनि उपलब्ध गराउँदै आएको जनाएको छ । यहाँको हावापानी किवीखेतीका लागि अनुकूल भएकाले किसानलाई व्यावसायिक रूपमा खेती विस्तार गर्न प्रोत्साहन गरिएको हो । वडाको सहयोग पाएपछि अधिकांश किसान व्यावसायिक किवीखेतीतर्फ आकर्षित भएको स्थानीय भीमसेन राईले बताए । उनका अनुसार अहिले आँ नै १० रोपनी जमिनमा करिब १५० बोट किवीखेती विस्तार गरिएको छ । राम्रो फलेको एक बोटबाट नौ हजार रूपैयाँसम्म आम्दानी लिएको उनले जानकारी दिए । त्यस्तै, अर्का किसान तेजन विष्टले पनि वडाबाट बिरूवा र प्राविधिक सहयोग पाएपछि किवीखेतीमा उत्साह थपिएको बताउँछन् । परम्परागत बालीको तुलनामा किवीबाट राम्रो आम्दानी लिन सकिने भएकाले आफूहरु यसतर्फ लागेका उनको भनाइ छ ।

हाल वडाका मझौले, खावा, रमितेलगायतका क्षेत्रमा किवीखेती विस्तार हुँदै गएको छ । वडाको पहल र किसानको सक्रियतासँगै यस क्षेत्र किवी उत्पादनको सम्भावित केन्द्रका रूपमा विकास हुँदै गएको स्थानीय किसानको भनाइ छ ।

# बेलीब्रीज झिके पछि सम्पर्क विच्छेद



खोटाङ/ सुनकोशीस्थित फोक्सिङटार र बङ्शिलाघाटको अस्थायी बेलिब्रिज झिकिएसँगै खोटाङ पूर्वी तराईसँगको सीधा यातायात सम्पर्कबाट विच्छेद भएको छ ।

बङ्शिलाघाटको अस्थायी बेलिब्रिजले खोटाङका जन्तेढुङ्गा, बराहपोखरी र खोटेहाङ गाउँपालिका तथा भोजपुरका केही गाउँका नागरिकलाई तराई आवतजावतमा सुविधा दिएको थियो । निरन्तरको वर्षापछि सुनकोशी नदीमा पानीको बहाव बढेसँगै फरक-फरक सडकखण्डमा पर्ने फोक्सिङटार र बङ्शिलाघाटको अस्थायी बेलिब्रिज निकालिएको हो ।

पूर्वी तराईका विभिन्न जिल्ला जोड्ने दुईवटा नाकामा जडान गरिएको अस्थायी बेलिब्रिज निकालेपछि स्थानीयवासी समस्यामा परेका छन् । फोक्सिङटार र बङ्शिलाघाटमा मोटरेबल पक्की पुल नहुँदा हिउँदको समयमा जडान गर्ने र वर्षात् लागेपछि पुनः खोलेर राख्नेगरी अस्थायी बेलिब्रिजको विकल्प अगाडि सारिएको हो । मौसम परिवर्तनसँगै निरन्तरको वर्षाले सुनकोशीमा पानीको सहत बढेसँगै गत वैशाख २७ गतेबाट बङ्शिलाघाटको बेलिब्रिज निकाल्न थालिएको पूर्वाधार विकास कार्यालय खोटाङका प्रमुख बिनम दाहालले जानकारी दिए । खोटाङको बराहपोखरी गाउँपालिका-५ पौवासेरा र उदयपुरको चौदण्डीगढी नगरपालिका-१ जोड्ने बङ्शिलाघाटस्थित सुनकोशीमा पहिलोपटक अस्थायी बेलिब्रिज जडान गरिएको हो ।

## स्वास्थ्य

# उपयोगविहिन सिटी स्क्यान



सिराहा । लहानस्थित रामकुमार सारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा जडान गरिएको 'सिटी स्क्यान' मेसिन जनशक्ति अभावका कारण थन्किएको छ ।

गत वैशाख २१ गते तामझामका साथ सेवाको उद्घाटन गरिए पनि दक्ष प्राविधिक नहुँदा बिरामीले सेवा पाउन सकेका छैनन् ।

अस्पताल प्रशासनका अनुसार यो सेवा पूर्ण रूपमा सञ्चालन गर्न एक रेडियोलोजिस्ट, एक रेडियो प्राविधिक र एक जना सहयोगी गरी तत्काल तीन जना कर्मचारी आवश्यक पर्छ ।

हालै अस्पताल प्रमुखको कार्यभार सम्हालेकी डा. वर्षा प्रकाशले जनशक्ति व्यवस्थापनका लागि प्रदेश मन्त्रालयमा निरन्तर समन्वय भइरहेको बताइन् ।

उनले भनिन्, 'हामीले मन्त्रालयमा निरन्तर ताकेता गरिरहेका छौँ, तर प्रदेशभरि नै विशेषज्ञ (रेडियोलोजिस्ट) को अभाव रहेकाले कहिलेसम्म कर्मचारी आउँछन् भन्ने टुङ्गो लाग्न सकेको छैन ।'

यता, अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष रामनारायण मेहताले मेसिन भएर पनि सेवा दिन नसक्दा नागरिकमा गलत सन्देश गएको बताए ।

'आमनागरिकलाई सस्तो र सुलभ मूल्यमा विशेषज्ञ सेवा दिने पवित्र उद्देश्यले धेरै पहल गरेर मेसिन त ल्यायौँ, तर चलाउने प्राविधिक नहुँदा अप्ठेरोमा परेका छौँ, उनले भने। जनशक्ति व्यवस्थापनमा प्रदेश सरकारले तत्काल सहयोग गर्नुपर्ने उनको माग छ ।

जानकारहरूका अनुसार प्रदेश सरकारले अस्पतालका तत्कालीन निमित्त मेडिकल सुपरिटेन्डेन्ट ( मेसु) तथा वरिष्ठ रेडियोलोजिस्ट डा. बृजेन्द्रकुमार साहको विज्ञतालाई हेरेर नै लहानमा यो मेसिन पठाएको थियो ।

तर, मधेस प्रदेशमा कर्मचारी समायोजनबाट आएका एक्ला रेडियोलोजिस्ट डा. साहलाई गत माघ २ गते मन्त्रालयले सर्लाहीको मलङ्वास्थित प्रादेशिक अस्पतालमा सरूवा गरेपछि यहाँ प्राविधिक संकट निम्तिएको हो ।

मधेस प्रदेशका तत्कालीन स्वास्थ्य तथा जनसत्त्यामन्त्री शत्रुधनप्रसाद सिंहको कार्यकालमा करिब रू १२ करोड लागतमा दुईवटा सिटी स्क्यान मेसिन खरिद गरिएको थियो ।


तत्कालीन प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रका महानिर्देशक डा. सुनिलप्रसाद कुशवाहाका अनुसार तीमध्ये एउटा मेसिन जनकपुरस्थित मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानमा र अर्को लहान प्रादेशिक अस्पतालमा पठाइएको थियो ।

## पुस्तक-साभार

# नेपालमा अमूर्त संस्कृतिको



डा. प्रेम खत्री




# एकताको प्रतीक गोरखा र अनेकताका स्वरहरू

**गतांकबाट......**

सुगौलीको सन्धि (१८१६) पछि भारतमा र अन्य बेलायती उपनिवेशको निर्माण हथा सुरक्षामा खटिने, ज्यानको बाजी राखेर लड्ने गोरखाली फौजको दिशानभन्दा पृथ्वीनारायण शाहले खडा गरेको गोरखाली फौजको मिसन नितान्त फरक ढङ्को, फरक उद्देश्य र सोचको भए पनि अहिले प्रकारान्तरले दुवै समयका गोरखाली सेनालाई एउटै तराजुमा राख्ने र आफू रमिते भई हेर्ने वा असान्दर्भिक तुलना गर्ने ज्ञानको उदय भैरहेछ ।

नेपालमा आएको पछिल्लो आँधीहुरीले त्यस प्रकारको ज्ञान वितरण गरिरहेछ ।

२०५२ साल फागुन १ गते रोल्पाबाट एउटा क्रान्तिकारी दलको नेतृत्वले युवाहरूको जत्था खडा गरी 'ल हिंड, देशमा परिवर्तन ल्याउन, बोक बन्दुकहरु' भनेर आह्वान गर्दा हजारौको सत्त्यामा युवाहरूले मोर्चामा नाम लेखाएकै शैलीमा पृथ्वीनारायण शाहले आह्वान गर्दा गोरखाली युवाहरु आँ नो सार्वभौमिकता राजाको खुट्टामा राखेर मानदेव, शिवदेव वा अंशुवर्माका सामन्त हरूको शैलीमा होइन परिवर्तनको हुरी सिर्जना गर्न आफूलाई न्यौछावर गर्न तम्सेका थिए । स्वयम् राजा पृथ्वीनारायणले पनि नेपालभरिका राज्य-रजौटालाई एउटा खुत्तर विजेता सम्राटको शैलीमा 'उपनिवेश' मा परिणत गरेर, तिनबाट भक्ति तथा दाम निचोरेर उनीहरूलाई मलीन बनाएर आफू उनीहरूबाट बोकिएर हिंड्ने वा बस्ने इरादा कदापि राखेका थिएनन. ।

एकपटक बिगुल फुकेपछि उनको यात्रा अविरल र अक्षुण्ण रूपले अघि बढेको थियो ।

पृथ्वीनारायण शाहले नेपालको एकीकरण अभियान सुरु गरेर उनका नातिका पालामा त्यसको मुख्य भाग पुरा हुँदा विश्वमा अन्यत्र पनि विविध एकिकरण अभियान चलेका थिए । त्यसबेला युरोप, अफ्रिका, उत्तर अमेरिका तथा दक्षिण अमेरिकामा विकसित उपनिवेशप्रथाबाट औपनिवेशिक शक्तिहरूले अनेक लाभ लिए र ती धेरै सम्पन्न भए । आजसम्म तिनीहरु उपनिवेशकै व्याज खाइरहेछन् । नेपालको स्थिति त्यो होइन । नेपालमा हिन्दू धर्मका अनुयायी, अभिजातवर्गको शासन आधुनिककालमा करीब २५० वर्ष कायम रह्यो । प्राचीन र मध्यकालमा पनि शासनको बागडोर कुलीन राजवंशकै हातमा रहेको हो । यसैले दुई सहस्राब्दीको लिखित इतिहासमा हिन्दूधर्म र त्यसका अनुयायी शासकवर्गको शासन नै मुलुकको भाग्यको मुख्य हिस्सेदार रहेको हो । क्रमशः...

## मनोरञ्जन

# खेलाडीबाट चार दशकपछि कलाकार बनेका चापागाईँ



विराटनगर । नेपाली रंगमञ्चमा आफ्नो अलग पहिचान बनाएका कलाकार हुन् शेखर चापागाईँ। फिल्मभन्दा नाटकमै बढी रमाउने उनले चार दशकभन्दा लामो समय रंगमञ्चमा बिताइसकेका छन् । अहिलेसम्म उनले करिब ७० वटा नाटकमा अभिनय गरिसकेका छन् ।

भोजपुरको दिङ्लामा जन्मिएका चापागाईँ २०३५ सालमा एसएलसी पास गरेपछि विराटनगर पुगेका थिए। त्यतिबेला उनी कलाकारभन्दा पनि राष्ट्रिय स्तरका ह्यान्डबल खेलाडीका रूपमा चिनिन्थे। उनले एसियन च्याम्पियनसिपसम्म खेले। खेलकुदबाट बिस्तारै विश्राम लिँदै गर्दा उनको जीवन रंगमञ्चतर्फ मोडियो ।

विराटनगरमा खेलाडी र कलाकारहरूको जमघट एउटै चिया पसलमा हुन्थ्यो। त्यहीँबाट कलाकारहरूसँग उनको नजिकिन थाल्यो। रंगकर्मी भैरव क्षेत्री र वसन्त भट्टले उनलाई नाटकमा आउन प्रेरित गरे। त्यसपछि उनले २०४३ सालदेखि अभिनय यात्रा सुरू गरे ।

उनको पहिलो नाटक थियो 'यहाँका माटा, बोटबिरूवा र मालीहरु' । त्यसपछि उनी विराटनगरको आरोहण गुरूकुलसँग जोडिए। पछि काठमाडौं आएर पनि उनले लामो समय रंगमञ्चमै सक्रियता देखाए। उनले रंगकर्मी सुनिल पोखरेलसँग करिब २५ वर्ष सहकार्य गरे ।

चापागाईँका अनुसार सुरूका दिन निकै कठिन थिए । त्यतिबेला नाटक गरेर जीविकोपार्जन गर्न सकिन्छ भन्ने कल्पना पनि गरिँदैनथ्यो । कलाकारहरूले सदस्य बनाएर उठाएको पैसाबाट पोस्टर छाप्ने र नाटक मञ्चन गर्ने अवस्था थियो। पछि गुरूकुल स्थापना भएपछि मात्रै नाटकलाई पेशाको रूपमा लिन थालिएको उनी सम्झन्छन् ।

उनले चर्चित नाटक 'पुतलीको घर'मा निशा शर्मासँग अभिनय गरेका थिए। यो नाटक नेपालसहित नर्वे, डेनमार्क, रूस, भारत र बंगलादेशसम्म मञ्चन भयो। चापागाईँका अनुसार डेनमार्कमा एक विदेशी निर्देशकले 'पुतलीको घर'लाई आफूले हेरेका उत्कृष्ट नाटकमध्ये एक भनेका थिए ।

फिल्ममा भने उनको उपस्थिति सीमित छ । उनले 'परिभाषा', 'चोर चण्डाल' र टेलिश्रृंखला 'अविरल बग्दछ इन्द्रावती'मा अभिनय गरे। हिरो बन्ने प्रस्ताव आए पनि उनले स्वीकारेनन्। कारण थियो( अभिनय गर्न पैसा पाउनुको सट्टा आफैंले पैसा हाल्नुपर्ने माग। त्यसपछि उनले फिल्मभन्दा नाटकलाई नै प्राथमिकता दिए।

आरोहण गुरूकुल बन्द भएपछि उनी करिब १५ वर्ष कला क्षेत्रबाट टाढिएर कुरियर व्यवसायमा लागे। पछि फेरि फिल्म 'मोक्ष' र 'मौन'मार्फत अभिनयमा फर्किए । त्यसपछि मण्डला नाटकघरको 'महाभोज'मा अभिनय गर्दै पुनः रंगमञ्चमा सक्रिय भए ।

अहिले उनी आफूलाई मन पर्ने र चरित्र सुहाउने काम मात्रै गर्छन् । जेठ १ गते प्रदर्शनमा रहेको चलचित्र एक मुठी बादलमा पनि उनी महत्वपूर्ण भूमिकामा छन । चापागाईँका अनुसार उक्त फिल्मको पात्र आफ्नै जीवनसँग धेरै मेल खाने भएकाले उनले काम गर्न स्वीकारेका हुन् ।




आज मिति
२०८३ साल
जेठ ०६ गते
बुधबार
20 May 2026
तिथि: चतुर्थी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | हिम्मत बढ्ने । मावलीको प्रगती । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पढाईमा सफलता । लगानीमा राम्रो चल्ने । |
| मिथुन | का कि कु घ ङ छ के को हा | पारीवारिक समस्या । खर्चमा वृद्धि । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | भाईबहिनीको सहयोग । पराक्रम बढ्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | पढाईमा सफलता । आयमा वृद्धि । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मिष्ठान्न भोजन । लगानी उठ्ने । |
| तुला | रा री रु रे रो ता ती तु ते | मातामा कष्ट । खर्च बढ्ने । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मानसम्मान प्राप्ती । दाजु, काकाबाट सहयोग । |
| धनु | य यो भा भी भ धा फा ढ भे | मित्रबाट सहयोग । आर्थिक उन्नती । |
| मकर | भो जा जी खि खू खे खो गा गी | साथीभाईको प्रगती । कार्यमा सफलता । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | दुर्घटनाको भय । शत्रु बढ्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | प्रेममा सफलता । पारीवारिक सुख । |

# महिला उत्थानदेखि डोल्पाको इन्टरनेटसम्मका मुद्दा

दमक । प्रतिनिधिसभाको बुधबारको बैठकको विशेष समयमा सांसदहरूले ऊर्जा विकासदेखि महिला उत्थान, डिजिटल पूर्वाधार र सामाजिक न्यायसम्बन्धी विभिन्न विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

बैठकमा सांसद श्रीराम न्यौपानेले ऊर्जा बिना कुनै पनि विकास निर्माण सम्भव नहुने उल्लेख गर्दै तत्काल 'सनसेट ऐन' ल्याएर कार्यान्वयन गर्न सरकारसँग आग्रह गरे। उनले ऊर्जा क्षेत्रलाई व्यवस्थित र प्रभावकारी बनाउन कानुनी सुधार आवश्यक रहेको धारणा राखे ।

त्यस्तै सांसद भूमिका सुब्बाले राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई नीति तथा कार्यक्रममा अनिवार्य रूपमा समेटिनुपर्ने बताउँदै यसको प्रभावकारी कार्यान्वयनमा जोड दिए ।

सांसद धनबहादुर बुढाले डिजिटल डोल्पा र पूर्ण इन्टरनेट पहुँचयुक्त डोल्पा निर्माण गर्न सरकारसँग माग गरे । उनले दुर्गम क्षेत्रमा सूचना प्रविधिको पहुँच विस्तारलाई प्राथमिकतामा राख्नुपर्ने बताए ।

सांसद सरस्वती लामाले महँगीका कारण जनजीवन प्रभावित भएको उल्लेख गर्दै नागरिकको जीवन सहज बनाउन सरकारले थप सामाजिक उत्तरदायित्व बहन गर्नुपर्ने बताइन् ।

सांसद केपी खनालले सुकुम्बासीलाई दुर्गन्धित खोला क्षेत्रबाट स्थानान्तरण गरी सम्मानजनक र व्यवस्थित बसोबासको व्यवस्था गर्न सरकार सक्रिय भएको उल्लेख गरे । सांसद प्रकाशचन्द्र परियारले समृद्धि मात्र नभई समतामूलक समृद्धि आवश्यक रहेको धारणा राखे ।

यसैगरी दलीय आधारमा विशेष समय लिएर सांसद आनन्द चन्द, देवराज पाठक, यज्ञबहादुर बोगटी, अम्बिकादेवी सङ्ग्रौला, विष्णुबहादुर खड्का र सुलभ खरेलले पनि विभिन्न समसामयिक विषयमा आफ्ना धारणा राखेकी थिइन् ।एको यो भिडियाको क्वालिटी त्यति उत्कृष्ट छैन तर कुरा मिठो छ ।

---

**संघीयता....** कान्छाराम कन्स्ट्रक्सनले आधा काम गरेर छोडेपछि अलपत्र भएको हो।

सम्झौता अनुसार २५ किलोमिटर लम्बाइको यो सडक २०७६ साल भदौ १० गते काम सुरु गरेर २०७८ साल भदौ ८ गते काम सम्पन्न गर्नुपर्ने थियो। ७० करोड ४९ लाख २९ हजार ३५५ रूपियाँ ६२ पैसामा ठेक्का लागेको सडक पटक पटक गरी छ पटक म्याद थप भइसकेको छ। पछिल्लो पटक २०८० असार ३० गते काम सक्ने सहमति भएको थियो। पछिल्लो म्यादमा पनि काम सम्पन्न नभएपछि सहरी विकास मन्त्रालयले २०८१ साल चैत १४ गते ठेक्का सम्झौता खारेज गरेको छ। ग्रामीण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्वयन एकाइ दमक झापाका आयोजना प्रमुख शालिकराम देवकोटाका अनुसार यो सडक र मोरङकै लक्ष्मीमार्ग–डाँगीहाट–बनौल–बबियाबिर्ता हुँदै अमाहीबरियाती जोड्ने सडक संयुक्त रूपमा ठेक्का लागेको हो। पूर्वपश्चिम राजमार्गको बेलबारी-१०, भाउन्नेबाट दक्षिणतर्फ जाने तराईको यो सडक र राजमार्गकै सुन्दरहरैँचा-९ बाट उत्तरतर्फ जाने खोर्सानै-केराबारी-सिंहदेवीको पहाडी सडक दुवै हाल अलपत्र छन्। खोर्सानै-केराबारी-सिंहदेवी सडकमा १६ किलोमिटर सडक पूरै पहाडी क्षेत्रमा पर्छ। केराबारी-२ का वडाध्यक्ष प्रेमबहादुर लिम्बू मदन भण्डारी राजमार्गलाई चिरेर जाने यो सडक भेडेटार–राँके–रवि सडकलाई जोड्ने रणनीतिक महत्वको सडक रहेको बताउँछन् । ताप्लेजुङबासीहरू इलाम झापा नपुगि सोझै केराबारी झरेर विराटचोक हुँदै विराटनगर पुग्न सक्ने विकल्प पनि रहेको छ। प्रदेशको राजधानीसँग छोटो सडकले ताप्लेजुङ र पाँचथरका बासिन्दालाई जोड्ने यो सडकले समय र रकमको बचत गर्ने बताउँछन् ।

**डा. शर्मा...** जनाएका थिए। नवनियुक्त प्रधानन्यायाधीश नेपालको सर्वोच्च अदालतको करिब ३२/३३ औं प्रमुख बन्न सफल भएका छन् ।

संसदीय सुनुवाइका क्रममा शर्मामाथि 'नेपोबेबी' अर्थात् पारिवारिक पहुँचका आधारमा अवसर पाएको आरोपसमेत लागेको थियो। त्यसको जवाफ दिँदै उनले आफू योग्यता, क्षमता र अनुभवका आधारमा यहाँसम्म पुगेको बताएका छन्। "पारिवारिक नाताका आधारमा नियुक्ति दिन नहुने भन्ने कानुन छैन," उनले स्पष्ट पारे।

प्रधानन्यायाधीश शर्माले न्यायपालिकालाई प्रविधिमैत्री, पारदर्शी र जनमैत्री बनाउने आˆनो योजना पनि सार्वजनिक गरेका छन्। उनले सर्वोच्च अदालतका मुद्दाको सुनुवाइ प्रत्यक्ष प्रसारण (लाइभ स्ट्रिमिङ) गर्ने व्यवस्था मिलाइने बताएका छन्। साथै म्याद तामेली, पेसी, तारेख, फैसलाको सूचना तथा पुनरावेदनसम्बन्धी जानकारी अनलाइन प्रणालीमार्फत उपलब्ध गराइने उनले जानकारी दिए।

उनका अनुसार एक वर्षभित्र मुद्दा दर्तादेखि फैसला कार्यान्वयनसम्मका सम्पूर्ण प्रक्रिया सूचना प्रविधिमा आधारित बनाइनेछ। अदालतको काम छिटो, पारदर्शी र अनुमानयोग्य बनाउन कानुनी तथा संरचनागत सुधार आवश्यक रहेको उल्लेख गर्दै उनले एक महिनाभित्र उच्चस्तरीय अध्ययन समिति गठन गर्ने योजना पनि अघि सारेका छन्।

शर्माले न्यायपालिकाभित्र हुने अनियमितता रोक्न डिजिटल सर्भिलेन्स प्रणाली लागू गर्ने, सेवाग्राहीका गुनासा अनलाइनमार्फत दर्ता गर्ने व्यवस्था मिलाउने र न्यायाधीश तथा कर्मचारीको आचारसंहिता कडाइका साथ लागू गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। साथै अदालतप्रति जनविश्वास बढाउन 'शून्य सहनशीलता'को नीति अपनाइने उनको भनाइ छ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## दमक नगरपालिका नगरकार्यपालिकाको
### कार्यालय, दमक झापाको

# आन्तरिक आय संकलनका लागि बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८३/०२/०६)**

नगरपालिकाको आ.ब.२०८३/०८४ का लागि आन्तरिक आय संकलनका लागि निम्न ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले सम्वन्धित सबैको जानकारीको लागि तपशिल अनुसारका शर्तहरू उल्लेख गरी तपशिलका आय ठेक्काहरुको २१ (एक्काइस) दिने बोलपत्र सूचना प्रकाशित गरि एको छ । आय ठेक्कामा भाग लिन चाहने कम्पनी/फर्महरूले तपशिलको सेवा शर्तका वन्देजमा रही बिद्युतीय माध्यम (ई-बिड) बाट पेश गर्ने गरी यो सूचना प्रकासित गरिएको छ ।

**तपशिल**

| सिन | ठेक्का नं. | बोलपत्रको नाम | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारमदस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | DMO/JHAPA/PRK/ /77/82/83 | **पार्किङ सेवा शुल्क** | ७१,९४,०००/- (अक्षरेपी एकहत्तर लाख चौरानब्बे हजार मात्र ) | कबोल गरेको रकमको ५% | ३०००। तिन हजार |
| २ | DMO/JHAPA/PASU/ /78/82/83 | **कृषि तथा पशुजन्य वस्तुको व्यवसायीक कारोवारमा लाग्ने कर पशुहाट कर** | १,६१,०१,५५५।(अक्षरेपी एक करोड एक सट्ठी लाख एक हजार पांच सय पचपन्न मात्र ) | कबोल गरेको रकमको ५% | ३०००। तिन हजार |

**शर्तहरु:**

१. प्रति बोलपत्र फारम दस्तुर रकम रु ३,०००।०० (अक्षरेपी तीन हजार रुपैंया) देहायको खातामा जम्मा गर्न सकिनेछ । जम्मा गरेको राजस्व भौचर र धरौटी वापतको रकम वा बैंक ग्यारेन्टीको Scan कपी बोलपत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ । बोलपत्र फारम र सोसँग सम्बन्धित कागजातहरु https://bolpatra.gov.np/egp मार्फत् डाउनलोड गर्न सकिने छ । बोलपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम निम्नानुसार बुझाउनु पर्नेछ ।

**देहाय**

**(बोलपत्र फारम दस्तुर र धरौटी रकम बुझाउने सम्बन्धी विवरण)**

| क्रस | कार्यालय / कोड नं. | बैंकको नाम | बोलपत्र फारम दस्तुरका लागि राजस्व दाखिला गर्ने खाता नं.र शिर्षक नं. | धरौटी खाता नं. |
|---|---|---|---|---|
| १ | दमक नगरपालिका | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, | खाता नं २१४०१००३०१०१०००२ शिर्षक नं. १४२२९ | २१४०१००३०३००००००२ |

***नोट :*** *कबोल अंकको ५ प्रतिशत धरौटी दमक नगरपालिकाको क्र.स. (क) मा तोकिएको धरौटी खाता वा दमक नगरपालिकाको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।*

२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन सम्म, दिनको १२:०० बजे भित्र अनिवार्य Online प्रणालीमा पेश गरी सक्नुपर्नेछ ।

३. बोलपत्र दर्ता हुने अन्तिम २१ औं दिन, दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा बोलपत्रहरु खोलिनेछ । बोलपत्र खोल्ने समयमा प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

४. पहिलो बोलपत्रदाताको ठेक्का स्वीकृत भई नियम अनुसारको प्रकृया पूरा गरि ठेक्का सम्झौता नगरेसम्म दोश्रो र तेश्रो बोलपत्रदाताको धरौटी रकम फिर्ता गरिने छैन र पहिलो बोलपत्रदाताको ठेक्का अंकमा अन्य ठेकेदारको धरौटीबाट हिसाव मिलान गर्न पाइने छैन ।

५. बोलपत्रदाताले आफूले कबोल गरेको कबोल रकमको ५ प्रतिशतले हुने रकम शर्तको बुँदा नं. १ (क) धरौटी खाता नं. मा जम्मा गरेको भौचर वा "क" बर्गको बैंकबाट बोलपत्र नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनसम्म म्याद भएको रितपूर्बकको बोलपत्र जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले बोलपत्र फारम खरिद गरेको बैंक भौचर, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र,नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाण र स्व:घोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात Scan Copy अपलोड गर्नुपर्नेछ ।

६. बोलपत्र स्वीकृत पश्चात स्वीकृत बोलपत्रदाताले पत्र बुझेको वा सूचना प्रकाशन भएको वा कार्यालयको आधिकारिक ईमेल मार्फत् पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र कवुलियत गरी पट्टापूर्जी लिन नआएमा बोलपत्र जमानत बापतको सम्पूर्ण धरौटी रकम जफत् गरी बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई कालोसूचीमा राखिनेछ ।

७. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको १० प्रतिशतसम्म छुट दिन सकिनेछ । १३% प्रतिशत मु.अ.कर र १.५% प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराईने छैन । उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी/गराई दमक नगरपालिकाको आन्तरिक राजश्व खाता नं. २१४०१००३०१०१०००२ मा दाखिला गर्नुपर्नेछ ।

८. किस्तामा बुझाउन चाहने बोलपत्रदाताहरुको हकमा तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ । प्रथम किस्ता, सम्झौता पूर्व कबोल रकमको ५० प्रतिशत (मु.अ.कर सहित), दोस्रो किस्ता २०८३ कार्तिक मसान्त भित्र ३० प्रतिशत (मु.अ.कर सहित) र तेस्रो तथा अन्तिम किस्ता २०८३ फागुन मसान्त भित्र २० प्रतिशत (मु.अ.कर सहित)रकम बुझाई सक्नु पर्नेछ । साथै कवोल अंकको १.५% (प्रतिशत) अग्रिम आय कर बोलपत्रदाताले सम्झौता पूर्व नै यस कार्यालयमा दाखिला गर्नुपर्नेछ । बोलपत्रदाताले ठेक्का सम्भौता पछी बुझाउन बाँकी ५० प्रतिशत बराबरको रकमको हकमा "क" बर्गको बैंकबाट २०८४ असार मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ । कवोलकर्ताले यस शर्त बमोजिम तोकिएको अबधि भित्र दोश्रो किस्ता बापतको रकम जम्मा नगरेमा, तेश्रो किस्ता समेतको रकम २०८३ चैत्र महिनाको पहिलो हप्ता भित्र जुनसुकै दिन निज कबोलकर्ताले पेश गरेको बैक ग्यारेन्टीबाट जफत् गरी असुल उपर गरिनेछ ।

९. ठेक्काको अबधि २०८३ श्रावण १ गतेदेखि २०८४ असार मसान्त सम्मको रहनेछ । ठेक्का संचालनका लागि आवश्यक कर्मचारी, प्रयोग हुने रसिद आदि लगायतको व्यवस्थापकीय कार्य ठेकेदार आफैले व्यवस्था गर्नु पर्नेछ ।

१०. ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हड्ताल वा यस्तै प्रकारको अन्य अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन ।

११. कर संकलन गर्दा दमक नगरपालिकाको आर्थिक ऐनले तोकेको दर बमोजिम संकलन गर्नुपर्नेछ । ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै हानी नोक्सानी पुऱ्याएमा सो को हर्जना असुल गरी कम्पनी/फर्मलाई कारवाही गरिनेछ ।

१२. यस कार्यालयले निर्धारण गरेको दर भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही गरी ठेक्का रद्द समेत हुन सक्नेछ ।

१३. बोलपत्रदाताले ठेक्का संचालन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम गर्नुगराउनु पर्नेछ

१४. नगरपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document का रुपमा मानिनेछ ।

१५. बोलपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरी अपलोड गरेको ठेक्का सम्वन्धीको BoQ अंक र अक्षेरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर बोलपत्रदाताले अपलोड गरेको / भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन ।

१६. नगरपालिकाले यस प्रकृयामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम् कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आब्ह्वान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमस: दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ । अधिकतम् कबोल गर्ने बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत् गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो बोलपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको बिचको फरक रकम समेत अधिकतम् रकम कबोल गरी सम्झौता गर्न नआउने बोलपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ । यो प्रकृयाको क्रमश दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ ।

१७. कर संकलन कार्यको नियमन गर्दा प्रचलित कानून उलंघन गरेको पाईएमा प्रचलित कानून बमोजिम जरिवाना लगाइने र असुल गरिनेछ ।

१८. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१९. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२०. बोलपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

२१. यस प्रकृयामा सहभागी हुने बोलपत्रदाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेस गरिएको मानिनेछ ।

२२. कर तथा शुल्क संकलन क्षेत्र साविकमा निर्धारण भए अनुसार नै हुनेछ ।

२३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ । यस सुचनामा छुट हुन गएका अन्य कुराहरु प्रचलित ऐन कानुन र कवुलियतका शर्त एंव सार्वजनिक हितको सिद्धान्तका आधारमा नगरपालिकाले तय गरे बमोजिम हुनेछ ।

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोनः ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादकः** खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल